# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# फार्म निर्देशनालय
रामपुर, चितवन, नेपाल


च.न.

मिति २०८२/११/०८

## सूचना !!!

प्रस्तुत सम्बन्धमा यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन अन्तर्गतको संकायहरुमा संचालित विभिन्न शैक्षिक कार्यक्रमहरुको विभिन्न तहमा अध्ययनरत रहि विश्वविद्यालय परिसर, रामपुर भित्र अनुसन्धान एवं उत्पादनमुलक कार्य गरिरहनु भएका सम्पूर्ण विद्यार्थीहरुले फार्म निर्देशनालय मार्फत आवश्यक पर्ने सामग्री एवं सेवाहरुको माग गर्दा अनिवार्य रुपमा विश्वविद्यालयको वेभसाईट www.afu.edu.np मा रहेको यस निर्देशनालयको ट्याबमा गई सेवा/सामग्री माग फारम (Apply for resources) भर्नुहुन जानकारी गराईन्छ । साथै विद्यार्थीले प्राप्त गरेको अनुसन्धान/ उत्पादन क्षेत्रमा अनिवार्य रुपमा आफुले गर्न लागेको कार्य विवरण सहितको जानकारी बोर्ड यस निर्देशनालयले तोकेको ढाँचामा बढीमा १ हप्ता भित्रमा अनिवार्य राख्नुहुन पनि सम्बन्धित सम्पूर्ण विद्यार्थीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अनुसन्धान एवं उत्पादन कार्य थप व्यवस्थित एवं व्यवहारिक बनाउन यो निर्णय गरिएको हुँदा सम्बन्धित सम्पूर्णको सहयोगको अपेक्षा गर्दछौ ।

**पुनश्च:** अनुसन्धान एवं उत्पादन क्षेत्रमा राख्नुपर्ने जानकारी बोर्डको नमुना ढाँचा फार्म निर्देशनालयको ट्याबमा प्राप्त गर्न सक्नुहुनेछ । साथै बोर्डको फ्रेमवर्क (Metal frame) यस निर्देशनालय अन्तर्गतको बागवानी फार्म मार्फत उपलब्ध हुने र उक्त फ्रेममा विद्यार्थीले ढाँचा अनुरुपको फ्लेक्स (४*३ फुट) तयार गरि जानकारी बोर्ड अनुसन्धान स्थलमा राख्नुहुन अनुरोध गरिन्छ ।

सुमन ढकाल

निर्देशक